वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६० | २०८३ असोज २८ गते बुधबार, नेपाल सम्वत् ११४६ October 14, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



बन्दीपुर घुम्न आएका पर्यटक

पहाडकी रानी उपनामले परिचित पर्यटकीय नगरी तनहुँको बन्दीपुर घुम्न आएका वाह्य पर्यटकहरू । मंगलबार बिहान टुडिखेलबाट पहाडको खोच, बेसी तथा उपत्यकामा लागेको कुहिरो र उत्तर तर्फ लहरै देखिएका आकर्षक हिमाली दृष्य अवलोकन तथा तस्विर खिच्दै । पर्यटकीयाम सुरू भएपनि भोटेकोशी/त्रिशुली, कालीगण्डकी र बुढीगण्डकी नदीमा आएको बाढीले सार्वजनिक पूर्वाधार तथा जनधनको ठूलो क्षति पुऱ्याएपछि पर्यटक आगमन र पर्यटन व्यवसाय चलायमन हुन सकेको छैन ।

तस्विर : भञ्ज्याङ

दलहरूको साझा नियति : महाधिवेशन हुन्छ, प्रतिस्पर्धा हुँदैन

सइन्द्र राइ/काठमाडौं

गगन थापाले विशाल बहुमतसहित सभापति जित्दा श्यामकृष्ण खड्गी 'खेलमा सहभागी' जस्तो मात्रै देखिए । नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट थापाले सभापति पदमा ६ हजार ५८४ अर्थात ९४.६१ प्रतिशत मत पाए। कुल सदर मत ६ हजार ९५९ (७ हजार १३ मत खसेकोमा ५४ मत बदर भयो) मध्ये ५३८ प्रतिशत (३७५ मत) मात्रै उनका प्रतिस्पर्धी खड्गीले पाए।

महाधिवेशन भइरहदाको पृष्ठभूमि र शक्ति-संघर्ष बुझ्ने हो भने यस्तो नतिजा अपेक्षित थियो । चार दशक लामो पार्टी आवद्धता र योगदान भएपनि श्यामकृष्णले गगनलाई टक्कर दिन सक्ने आधार तयार पारिसकेका थिएनन् । सिद्धार्थ वनस्थलीमा कुनैबेला गगनलाई गणित पढाएका श्यामकृष्णले कांग्रेस काठमाडौंको सह-सचिव र ६ नम्बर क्षेत्रको क्षेत्रीय सभापतिसम्मको पदीय जिम्मेवारी सम्हालेका थिए । दुईपटक क्षेत्रीय सभापतिको भूमिका निर्वाह गरेपछि उनले सिधै गगनसँग प्रतिस्पर्धामा उत्रने हिम्मत जुटाए, र अपेक्षित मत पाए पनि ।

प्रतिनिधिहरूलाई धन्यवाद दिन सोमबार पत्रकार सम्मेलन गरेका श्यामकृष्णले आफ्नो उम्मेदवारीले कांग्रेसको लोकतान्त्रिक संस्कृति जोगाएको तर्क गरे। 'निर्विरोध गरौं भनेर प्रस्ताव आएको पनि हो, गगनजीसँग छलफलमा बसेको पनि हो,' खड्गीले भने, 'तर आन्तरिक लोकतन्त्र संस्थागत गर्दा उहाँलाई पनि फाइदा भएको छ, मलाई पनि फाइदा भएको छ। दुवै जना देशभरका प्रतिनिधिसँग मत माग्न पुगेका छौं । … पार्टीलाई कसरी सुधार्ने भन्ने सुझाव पाएका छौं ।'

सभापति पदमा पूर्व सह-महामन्त्री किशोरसिंह राठौरको पनि उम्मेदवारी थियो । खड्गी भन्दा उनको संगठनात्मक उचाइ माथि थियो । तर गगनको प्रस्ताव स्वीकारेर राठौरले उम्मेदवारी फिर्ता लिदा प्रतिस्पर्धा थप एक पक्षीय बन्यो ।

उम्मेदवारी फिर्ता नलिएको भए देउवा छाडेर आएकाहरूको सहानुभूति राठौरले पाउन सक्थे। १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिमा ८० प्रतिशत बढी र पदाधिकारीमा एकछत्र देउवा समूहले जितेका थिए । यदि यो समूह एक ठाउँ उभिन्थ्यो भने गगनलाई राम्रै टक्कर हुन सक्थ्यो। तर कुनै पनि पूर्व समूह नरहने गरी १५औं महाधिवेशन हुँदा गगन थापाले चाहे जसरी प्रभाव जमाउन सके । कांग्रेस जस्तो पुरानो र लोकतान्त्रिक पार्टीमा यस्तो एक पक्षीय नतिजा आउने समीकरणको निर्माण भने जेनजी आन्दोलन पछि विकसित राजनीतिक परिस्थितिका कारणले भयो ।



जेनजी आन्दोलनपछि कांग्रेसभित्र विशेष महाधिवेशनको माग भयो । पार्टीभित्र उठेको यो मागलाई तत्कालीन सभापति शेरबहादुर देउवाले समयमा सम्बोधन नगर्दा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासामू नयाँ ढंगले अगाडि बढ्ने परिस्थिति बन्न गयो ।

थापा र शर्माले आफ्नो अगुवाईमा ९ महिनाअघि (२०८२ को पुस अन्तिम साता) विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरे । गगन सभापति रहेर आफू अनुकूलको टिम तयार पारे । निर्वाचन आयोग र सर्वोच्च अदालतले पनि विशेष महाधिवेशनलाई मान्यता दियो । यसैको निरन्तरतामा १५औं महाधिवेशन गर्दा सम्भवतः बीपी कोइरालापछिकै शक्तिशाली सभापति बने, गगन ।

नयाँमा पनि उस्तै

अरु पार्टीहरूको अवस्था पनि कांग्रेसकै जस्तो छ । देशको संविधान र पार्टीहरूको विधानमा उल्लेख भए जस्तो सदस्यहरूले आफूमा निहीत सार्वभौम अधिकार उपयोग गरेर केन्द्रीय नेतृत्व चयन गर्ने स्थिति (सम्भवतः) कुनै पनि दलमा छैन । पुराना दलहरु भन्दा भिन्न अभ्यास गर्ने भनेर आएको रास्वपामै पनि मूल नेतृत्व पुरापुर हाबी हुने स्थिति छ । गत असार पहिलो साता चितवनमा सम्पन्न प्रथम महाधिवेशनको नतिजाले रास्वपाभित्र पूर्ण लोकतन्त्र रहेको पुष्टि गर्दैन ।

गत २१ फागुनको निर्वाचनबाट

बाँकी तेश्रो पेजमा

बन्दीपुरमा अनुगमनका क्रममा जफत सामग्री नष्ट

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिकाले बजार अनुगमनका क्रममा जफत गरिएका सामग्री नष्ट गरेको छ। गाउँपालिकाले असोज २१, २३ र २६ गते विभिन्न बजार तथा पसलमा अनुगमन गरी जफतयोग्य सामग्री नष्ट गरेको हो ।

अनुगमनका क्रममा उपभोग्य वस्तुको गुणस्तर, म्याद, मूल्यसूची, सरसफाइ तथा उपभोक्ता हित संरक्षणको अवस्थाबारे निरीक्षण गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले व्यवसायीलाई प्रचलित कानुन तथा मापदण्ड पालना गर्दै गुणस्तरीय र सुरक्षित वस्तु तथा सेवा उपलब्ध गराउन आग्रह गरेको गाउँपालिका अध्यक्ष सुरेन्द्र बहादुर थापाले जानकारी गराए । यस्तै, स्वच्छ र व्यवस्थित बजार कायम गरी उपभोक्ताको स्वास्थ्य तथा हित संरक्षण गर्न अनुगमनलाई निरन्तरता दिने गाउँपालिकाले जनाएको छ ।



उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

सम्पादकीय .....

www.bhanjyangnews.com

सयपत्री फूलमा आत्मनिर्भरता उद्यमशीलताको सम्भावना

दसैँ-तिहार नजिकिएसँगै गाउँघरदेखि सहरबजारसम्म सयपत्री फूलको माग बढ्छ । घरआँगन सजाउन, पूजाआजा गर्न र टीकाको दिन माला लगाउन प्रयोग हुने सयपत्री नेपाली चाडपर्वको अभिन्न हिस्सा हो । तर, चाडपर्वमा आवश्यक पर्ने फूलको ठूलो हिस्सा बाहिरबाट ल्याउनुपर्ने अवस्था अझै पनि छ । यस्तो अवस्थामा तनहुँको आँबुखैरेनी गाउँपालिका-१, आँधीमूल यानचोकका महिलाले सामूहिक रूपमा सुरू गरेको व्यावसायिक सयपत्री खेती आशालाग्दो उदाहरण बनेको छ। यसले स्थानीय उत्पादनको सम्भावना देखाउनुका साथै महिला उद्यमशीलता र आर्थिक आत्मनिर्भरताको बाटोसमेत खोलेको छ । तीन वर्षअघि सुरू भएको सयपत्री खेती अहिले ४५ रोपनी क्षेत्रफलमा फैलिएको छ । ४५ जना महिला सामूहिक उद्यममा आबद्ध भएर उत्पादन र बिक्रीमा जुटेका छन् । दसैँको चहलपहल बढेसँगै बारीमा फुलेका सयपत्रीले गाउँ पहँलपुर बनेको छ भने महिलालाई फूल टिप्ने र बजार पुऱ्याउने चटारो थपिएको छ । अहिले प्रतिकिलो चार सय रूपैयाँसम्म बिक्री हुने फूलले महिलाका लागि आम्दानीको नयाँ आधार तयार गरेको छ । यो उपलब्धि फूलखेतीमा सीमित छैन । स्थानीय स्रोतसाधनको उपयोग गरेर गाउँमै रोजगारी र आयआर्जन सिर्जना गर्न सकिन्छ भन्ने सन्देश पनि यसले दिएको छ । लामो समयसम्म कृषि क्षेत्रमा महिलाको श्रमलाई परिवारको कामका रूपमा मात्र हेरियो । उत्पादनमा महिलाको ठूलो योगदान भए पनि त्यसको आर्थिक मूल्य र निर्णय प्रक्रियामा उनीहरूको भूमिका सधैँ समान हुन सकेन। तर, सामूहिक उद्यममार्फत उत्पादन गर्ने, बजार खोज्ने र आम्दानी गर्ने अभ्यासले महिलालाई आर्थिक रूपमा सबल बन्न सहयोग पुऱ्याउँछ । आफ्नो श्रमबाट कमाएको आम्दानीमा पहुँच बढ्दा परिवारको निर्णय प्रक्रियामा समेत उनीहरूको भूमिका बलियो हुन सक्छ । आँधीमूल यानचोकको अनुभवले सामूहिक खेतीको महत्त्व पनि उजागर गरेको छ । व्यक्तिगत रूपमा खेती गर्दा जग्गा, लगानी, श्रम र बजार व्यवस्थापनमा समस्या आउन सक्छ । समूहमा आबद्ध भएर काम गर्दा श्रमको बाँडफाँट, सीपको आदानप्रदान र उत्पादनको व्यवस्थापन सहज हुन्छ। बजारको मागअनुसार उत्पादन गर्न र सामूहिक रूपमा बिक्री गर्न पनि मद्दत पुग्छ। स्थानीय महिलाले यही अभ्यासबाट व्यावसायिक खेतीतर्फ पाइला अघि बढाएका छन्। यसलाई अन्य गाउँका महिला समूहले पनि आफ्नो स्थानीय अवस्था र बजारको सम्भावनाअनुसार अनुकरण गर्न सक्छन् ।

यद्यपि, एउटा मौसममा राम्रो माग आउनु मात्र व्यावसायिक सफलताको आधार होइन। चाडपर्वमा सयपत्रीको माग बढे पनि अन्य समयमा बिक्रीको अवस्था कस्तो हुन्छ भन्ने विषय महत्त्वपूर्ण छ । उत्पादन बढाउने योजनासँगै बजारको स्थायित्व सुनिश्चित गर्न नसकिए किसानले फूल खेर जाने जोखिम बेहोर्नुपर्छ। त्यसैले खेती विस्तार गर्नुअघि बजारको माग, उत्पादन लागत, बिक्री मूल्य र सम्भावित जोखिमको अध्ययन आवश्यक छ । फूलको गुणस्तर कायम राख्ने, टिपाइको उचित समय मिलाउने, सुरक्षित ढुवानी गर्ने र बिक्रीका लागि नियमित सम्पर्क स्थापित गर्ने काममा पनि ध्यान दिनुपर्छ । यसका लागि स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ । आँबुखैरेनी गाउँपालिकाले कृषि शाखामार्फत महिलालाई प्राविधिक सहयोग, खेती व्यवस्थापनसम्बन्धी तालिम र आवश्यक परामर्श दिनुपर्छ । माटोको अवस्था, रोगकीरा नियन्त्रण, मलखादको उचित प्रयोग तथा उत्पादनको गुणस्तर सुधारमा सहयोग गर्न सके खेतीको उत्पादकत्व बढाउन सकिन्छ। त्यस्तै, बजारसँग किसानलाई जोड्ने, फूल व्यवसायी तथा स्थानीय व्यापारीसँग समन्वय गराउने र आवश्यकताअनुसार सिँचाइ तथा भण्डारणजस्ता पूर्वाधारमा सहयोग गर्ने व्यवस्था मिलाउनुपर्छ। अनुदान वितरणमा मात्र सीमित नभई उत्पादनदेखि बिक्रीसम्म किसानलाई साथ दिने नीति आवश्यक छ ।

स्थानीय उत्पादनको बजार सुनिश्चित गर्नु अर्को प्राथमिकता हो । स्थानीय तथा आसपासका बजारमा फूलको माग र आपूर्तिबीच समन्वय गर्न सके बाहिरबाट फूल ल्याउनुपर्ने निर्भरता घटाउन सकिन्छ । स्थानीय होटल, कोसेली घर, फूल व्यवसायी, मन्दिर तथा विभिन्न आयोजकसँग नियमित आपूर्ति सम्झौता गर्ने अभ्यासले बजारलाई स्थिर बनाउन सक्छ । उत्पादनको परिमाण र बिक्रीको विवरण राख्ने तथा लागत र आम्दानीको हिसाब व्यवस्थित गर्ने बानीले महिलालाई आफ्नो उद्यमको वास्तविक अवस्था बुझ्नसमेत मद्दत गर्छ । सयपत्री खेतीले गाउँको सौन्दर्य बढाएको छ, महिलालाई काम दिएको छ र स्थानीय उत्पादनको सम्भावना उजागर गरेको छ । अब यसलाई चाडपर्वमा मात्र सीमित मौसमी व्यवसायबाट दिगो उद्यममा रूपान्तरण गर्न आवश्यक छ । यसका लागि महिलाको सक्रियता, स्थानीय सरकारको सहयोग र बजारको सुनिश्चितता एकसाथ अघि बढ्नुपर्छ । उत्पादन बढाउने मात्र होइन, उत्पादित फूल उचित मूल्यमा बिक्री हुने वातावरण बनाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ । आँधीमूल यानचोकका महिलाले देखाएको बाटोले एउटा स्पष्ट सन्देश दिएको छ- अवसर खोज्न सहर वा विदेश नै जानुपर्छ भन्ने छैन । आफ्नै गाउँको जमिन, श्रम र सीपलाई सही ढङ्गले उपयोग गर्न सके आत्मनिर्भर बन्न सकिन्छ । अब यो प्रयासलाई सफल उदाहरणमा सीमित नराखी अन्य गाउँमा पनि विस्तार गर्ने वातावरण बनाउनुपर्छ । स्थानीय उत्पादनलाई बजार, सीपलाई अवसर र महिलाको श्रमलाई उचित मूल्य दिन सके सयपत्री फूलले चाडपर्वको शोभा मात्र बढाउने छैन, ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउँदै महिला आर्थिक सशक्तीकरणको आधारसमेत तयार गर्नेछ ।

बूढीगण्डकीको बाढीले उठाएका प्रश्नहरू

गत २५ असोजमा बूढीगण्डकीमा लेदोसहित ठूला ढुङ्गाहरू पल्टाउँदै आएको बाढीले सन् २०२५ र २०२६ मा भोटेकोशी/त्रिशूली बाढीको झल्को दियो। यद्यपि विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आएका फोटो र भिडियोहरू हेर्दा गत १० भदौको त्रिशूलीको बाढीभन्दा कम गति र उचाइको बाढीको रूपमा यसलाई लिन सकिन्छ ।

सन् २०२५ को भोटेकोशी/त्रिशूलीको बाढी प्युरेपु हिमनदीमाथिको हिमताल फुटेर र सन् २०२६ को बाढी हिम-चट्टानी पहिरोका कारणले आएको बाढी थियो। बूढीगण्डकीको हालसम्म अनुमान गरिएअनुसार उङ्लिङ खोलाको किनारमा पहिरोको ठाउँ अन्त कतै हुन सक्ने सम्भावना पनि देखिन्छ। उङ्लिङ खोलाले स्यार खोला थुनेर ताल परेको र पछि फुटेको हुन सक्ने सम्भावना पनि छ। थुनिएको ठाउँ, ताल परेर पानीले ढाकेको सतहका चिह्नहरूको नक्साङ्कन एवं यकिन नगरी अहिले नै 'यसै हो' भन्न सकिने स्थिति भने छैन ।

विगतमा पनि बूढीगण्डकी कहिले थुनिएर त कहिले फुटेर बाढी आएका थिए । सन् १९६७ मा तारेभिर खसेर बूढीगण्डकीको पानी आंशिक रूपमा ३ दिनसम्म थुनियो । तर थुनिएको पानी फुटेर आएको बाढीले कुनै क्षति पुऱ्याएको सुनिएन । पहिरोको कारणले भने नौ



ठूलो पहिरो गई खोला थुनिएर ताल बनेको र सो ताल फुटेर बाढी आएको भन्ने बुझाइ छ ।

उङ्लिङ नदी स्यार नदीको सहायक नदी हो र यो सहायक नदीको माथिल्लो भाग हिमाच्छादित भए तापनि स्यार नदीको जलाधार क्षेत्रमा जस्तो हिमनदी, हिमताल र हिउँ-बरफ-तुसारोले बनाएको हिमखाल्डा छैनन् । उङ्लिङ खोलाको छाल तुलनात्मक रूपमा बढी भएको हुँदा पहिरोले थुन्दा बनेको ठूलो ताल फुटेर त्यत्रो ठूलो बाढी आउने सम्भावना कमै देखिए तापनि अर्को प्रमाण नभेटेसम्म त्यसलाई नकार्न सकिँदैन ।

पहिरोको माटोको रङ गाढा खैरो-पहेंलो देखिएको छ । बाढीमा आएको लेदो कालो भएकाले अनुमान गरिएको जना मानिसको मृत्यु भएको थियो ।

त्यसको एक वर्षपछि सन् १९६८ मा लाकुबैंसी भन्ने ठाउँमा बूढीगण्डकीलाई पहिरोले थुनेको थियो । त्यस दिन बिहान १०:३० बजेदेखि दिउँसो २ बजेसम्म खोला थुनिएको थियो । अगस्ट १ मा ४ मिटर रहेको बूढीगण्डकीको पानीको सतह अगस्ट २ मा एक्कासि ०.९ मिटरमा घट्यो ।

पहिरोले बनाएको बाँध फुटेपछि खोलामा १४.६१ मिटर उचाइको बाढी आएको थियो र खोलाको उच्चतम बहाव ५ हजार २१० क्युबिक मिटर प्रतिसेकेन्ड थियो, जुन वर्षको औसत अधिकतम बहावभन्दा ६.९३ अंकले बढी थियो। सन् १९६८ को यो बाढीले पहिरोले बनाएको बाँध फुटेको ठाउँभन्दा करिब १७ किलोमिटर तल आरूघाट क्षेत्रमा एउटा पुल र २४ बाढीका बेला भने पूर्वसूचना र चेतावनी प्रभावकारी हुन सकेन।

यसपटक बूढीगण्डकीमा बाढी आएको पूर्वसूचना र चेतावनीलाई प्रभावित क्षेत्रका बासिन्दाले विश्वास गरेर सुरक्षित हुँदा हताहत न्यून रहेको देखियो । प्रभावित क्षेत्रका स्थानीयले अनलाइनखबरसँगको कुराकानीमा पनि पूर्वसूचना पाएपछि हतार-हतार सुरक्षित स्थानमा लागेको बताएका छन् ।

सरोकारवालाहरूलाई समयमै विश्वासिलो पूर्वसूचना तथा चेतावनी दिन सके मानवीय क्षति कम गर्न सकिने कुराको उदाहरण यस वर्षको बूढीगण्डकी बाढीको घटना र सन् २०२५ को भोटेकोशी/त्रिशूलीको बाढीलाई लिन सकिन्छ। सन् २०२६ को बाढीका बेला भने पूर्वसूचना र चेतावनी प्रभावकारी हुन सकेन।

मानवीय क्षति कम भए पनि बूढीगण्डकीको भौतिक क्षति भने कम छैन। पुल, जलविद्युत् आयोजनाको कर्मचारी आवास, सडक र घरहरू भत्किए/बगाइए। यस्ता अचानक ठूलो शक्तिमा आउने बाढीको जोखिम कम गर्न सडक-पुलहरूको निर्माण गर्ने ठाउँहरूका जोखिमको राम्रो अध्ययन गरी सुरक्षित ठाउँको पहिचान गर्ने, त्यस्ता ठाउँहरूमा सडक-पुलको विकास गर्ने, खोलाको बाढीको तहको जानकारी लिई पूर्वाधारको डिजाइन गर्ने र भूउपयोगका प्रावधान बनाई लागू गर्ने कार्यहरू गरिनुपर्दछ। साथै सबै सरोकारवालाहरूले त्यसको कार्यान्वयनमा सहयोग पुऱ्याउनुपर्दछ ।

याम्पाफाँटका १५ दुग्ध किसान पुरस्कृत, सहकारीको वार्षिक १७ करोडको कारोबार

भञ्ज्याङ समाचारदाता/डुम्रे

तनहुँको बन्दीपुर गाउँपालिका-५, याम्पाफाँटका १५ जना दुग्ध उत्पादक किसान दूध बिक्रीका आधारमा पुरस्कृत भएका छन् । याम्पाफाँट दुग्ध उत्पादक सहकारी संस्थाले गत आर्थिक वर्षमा सहकारीमार्फत सबैभन्दा बढी दूध बिक्री गर्ने किसानलाई नगद पुरस्कारसहित सम्मान गरेको हो ।

सहकारीका अध्यक्ष काशीनाथ भट्टराईका अनुसार सबैभन्दा बढी दूध बिक्री गर्ने नमुना गाई फार्मका सञ्चालक पुष्पराज पौडेल प्रथम भएका छन् । उनले गत आर्थिक वर्षमा सहकारीमार्फत ८९ हजार १२८ लिटर दूध बिक्री गरेका थिए ।

त्यस्तै, ५१ हजार ८१२ लिटर दूध बिक्री गर्ने व्यावसायिक किसान काशीनाथ भट्टराई दोस्रो र ४४ हजार ४४४ लिटर दूध बिक्री गर्ने सुरज घिमिरे तेस्रो भए । दूध बिक्रीका आधारमा छविलाल घिमिरे चौथो, कमला पन्थ पाँचौं, हरिप्रसाद भट्टराई छैटौं र ओमप्रसाद लामिछाने सातौं भए । यसैगरी इन्दिरा भट्टराई आठौं, ऋषिराम भट्टराई नवौं र रामनाथ भट्टराई दसौं स्थानमा रहे ।

पुरस्कृत हुने अन्य किसानमा मुना न्यौपाने एघारौं, सानुमाया सुनार बाह्रौं,

बाँकी अन्तिम पेजमा

तपाईको आज

मेष
आलस्य गर्ने बानीले कार्य सम्पादनमा केही विलम्ब हुन सक्छ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ।

वृष
मिहिनेतको फल प्राप्त हुनेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ।

मिथुन
बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। अप्ठ्यारो पर्दा साथ दिनेहरू कमै भेटिनेछन्।

कर्कट
मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ। रोकिएका काम सम्पादन हुनेछन्। विशेष जिम्मेवारी प्राप्त हुनेछ।

सिंह
अध्यात्मभाव जागृत हुनाले धर्मकर्ममा प्रवृत्त भइनेछ। मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ।

कन्या
शुभचिन्तकहरू टाढिनेछन् भने काम बिग्रने भयले सताउनेछ। न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला।

तुला
स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। आफ्नो वस्तुमा समेत अरूले दाबी गर्नेछन्।

वृश्चिक
काममा साथीभाइको सहयोगले उत्साह मिल्नेछ। निम्तो मान्ने क्रममा आतिथ्य भने खर्चिलो बन्ने देखिन्छ।

धनु
प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। आम्दानी बढाउने काम सुरू गर्न सकिनेछ।

मकर
शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ।

कुम्भ
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

मीन
सन्तान वा अनुयायीको साथले पनि काममा जोसजाँगर बढ्नेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

दलहरूको साझा नियति : .....

प्रतिनिधि सभामा दुई तिहाइ नजिकको बहुमत पाएको रास्वपाले मुख्य नेताहरूलाई सुरक्षित गरेर बाँकी पदमा पतिस्पर्धा गराउने नीति लिएको थियो ।

रवि लामिछाने सभापति र प्रधानमन्त्री बालेन्द्र शाह बालेन निर्विरोध वरिष्ठ नेता बनाएर बाँकी पदमा मतदान गरिएको थियो । अझ १९ पदाधिकारी मध्ये ७ पदको मात्र मतदान गराएर बाँकी पद मनोनीत गरिने व्यवस्था विधानमा राखियो। यस्तो व्यवस्थाले प्रतिनिधिहरूबाट नेता चुनिने अवसर नै कटौती भयो ।

यद्यपि रास्वपाका नेता प्रमोद न्यौपाने, मनोनीतबारे गलत प्रचार भइरहेको तर्क गर्छन् । 'विधानले सभापतिलाई प्रस्ताव ल्याउने अधिकार मात्रै दिएको छ । अनुमोदन केन्द्रीय समितिले गर्नुपर्छ,' उनी भन्छन्, 'त्यसैले मनोनीतका सन्दर्भमा सभापति शक्तिशाली बनेको तर्क गर्न मिल्दैन ।'

रास्वपाको स्थापनाकालीन सन्देश भने पुराना दलहरूमा जसरी 'नियन्त्रित लोकतन्त्र हुँदैन' भन्ने थियो। ७ असार २०७९ मा टेलिभिजन प्रस्तोताको जागिर छोडेर रास्वपा गठन गर्दा लामिछानेले क्षमतावान हरेक नेपालीले पार्टीको सभापति बन्न सक्ने घोषणा गरेका थिए । 'हामी कसरी फरक छौं ?' शीर्षकमै रास्वपाले हरेक सदस्यले सिंधै केन्द्रीय सभापतिसम्म बन्न पाउने प्रतिबद्धता छ ।

'आफ्नो जीवनमा व्यावसायिक तथा व्यक्तिगत सफलता हासिल गरी राजनीति गर्न चाहने क्षमतावान नेपालीलाई अन्य पार्टीमा सिधै नेतृत्व लिने अवस्था छैन', रास्वपाको घोषणा छ, 'यस्तो अवस्थामा हाम्रो पार्टीको सदस्यता लिई सिधै पार्टीको सभापतिसम्म भएर नेतृत्व गर्ने अवसर सुनिश्चित गरिएको छ । पार्टी सभापतिको छनोट, पार्टीका सम्पूर्ण सदस्यहरूले मतदान मार्फत गर्नेछन् ।'

तर प्रथम महाधिवेशनमा अरू पार्टीकै जस्तो प्रतिनिधि मुलुक लोकतन्त्रको अभ्यास भयो। प्रतिनिधि चयन भएर आउनेहरुले महाधिवेशनमा भाग लिए । 'महाधिवेशनमा भाग लिन प्रतिनिधित बन्नैपर्छ । प्रतिनिधि बनेपछि चाहिँ सभापति सहित जुनसुकै पदमा उम्मेदवारी दिन मिल्छ', रास्वपा नेता न्यौपाने भन्छन्, 'तर यही कारण अरू पार्टीसँग हामीलाई तुलना गर्न मिल्दैन । किनकि यति वर्ष पार्टीमा गुजारेपछि मात्रै यो पदमा उम्मेदवारी दिन मिल्छ भन्ने व्यवस्था हाम्रो विधानमा छैन ।'

रास्वपाको यो चार वर्ष अवधि र प्रथम महाधिवेशन पछिको नतिजा हेर्दा विधानको व्यवस्था र नेताहरु मिल्दैन। बरू प्रथम महाधिवेशनबाट चुनौती रहित सभापति चयन भएर रविलाई अर्को कार्यकाल पनि नेतृत्व गर्ने आधार सिर्जना भएको छ । 'पार्टीमा केन्द्रीय सभापति, प्रदेश सभापति, जिल्ला सभापति र पालिका सभापति, दुई कार्यकाल भन्दा बढी हुन पाइने छैन। उक्त कार्यकाल पार्टीको पहिलो महाधिवेशनपछि गनिनेछ', रास्वपाको घोषणा छ । यो व्यवस्थाका कारण रविलाई अर्को कार्यकाल पनि नेतृत्वमा रहने छुट छ, अहिलेकै स्थिति हेर्दा चुनौती छैन ।

बिगत बिर्सेको एमाले

प्रतिनिधिसभाको तेस्रो दल एमाले आन्तरिक लोकतन्त्रको सवालमा पछिल्लो समय अरु भन्दा बदनाम छ। अध्यक्ष रहिरहन केपी शर्मा ओलीले आफूअनुकूल पार्टी विधान संशोधन गर्नेदेखि चुनौती दिने नेताहरुमाथि कारबाही गर्ने नीति अख्तियार गर्दै आएका छन्। पछिल्ला दिनहरुमा ओलीको निशानामा महासचिव शंकर पोखरेल देखिन्छन् । गत २१ फागुनको निर्वाचनमा पार्टीले नराम्रो पराजय बेहोरेपछि पुनर्गठनको अभियानमा महासचिव पोखरेल सक्रिय थिए ।

तर पोखरेलले तयार पारेको पुनर्गठन प्रतिवेदनलाई ओलीले केन्द्रीय कमिटी बैठकमै पेस गर्न दिएनन् । पोखरेलको साटो अर्का नेता प्रदीप ज्ञवालीलाई उपयोग गरेर ओलीले राजनीतिक प्रतिवेदन तयार पारे । असोज पहिलो साता सम्पन्न केन्द्रीय कमिटी ओलीले भनेअनुसार चल्यो । लगभग पुरा राजनीतिक जीवन ओलीको सहयोगमा खर्चिएका पोखरेल निरीह भए । नेतृत्वमा रहिरहन आफ्नै विश्वास पात्रलाई समेत निषेध गर्न सक्ने शैलीकै कारण ओली एमालेभित्र प्रतिस्पर्धाविहीन जस्तै हुँदै आएका छन् । गत मंसिरमा सम्पन्न एघारौं महाधिवेशनमा ओलीले झण्डै ७५ प्रतिशत मत पाएका थिए ।

चौथोपटक प्रधानमन्त्री भइरहँदा जेनजीहरूबाट लखेटिएको अवस्थामा समेत ओलीले यति ठूलो मत पाउनुले एमालेभित्र उनको पकड बुझ्न सकिन्छ । २ हजार २२७ सदर मत हुँदा ओलीले १ हजार ६६३ मत पाएका थिए भने उनीसँग प्रतिस्पर्धा गरेका ईश्वर पोखरेलले ५६४ मत पाएका थिए।

एमाले नेता ठाकुर गैरे, आजको एमाले बुझ्न निकट विगतका घटनाक्रम बुझ्नुपर्ने बताउँछन् । 'यहाँ लामो समयदेखि नेतृत्वमा हुनुहुन्छ, पटकपटक प्रधानमन्त्री हुनुभयो । यो अवधिमा सिंगो पार्टीलाई नै नेतृत्वको रक्षामा उभ्याउनुपर्छ भन्ने मनोविज्ञान तयार पारियो,' उनी भन्छन्, 'अर्कातिर उहाँका प्रतिस्पर्धी नेताहरूले एमाले छोड्नुभयो । जसकारण एमालेको आन्तरिक लोकतन्त्र कमजोर बन्यो।'

२०७८ मा पार्टी विभाजन हुँदा पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल, झलनाथ खनाल लगायतले एमाले छोडे । दशौं महाधिवेशन गरेर ओली दोस्रोपटक अध्यक्ष निर्वाचित भए । त्यो महाधिवेशनमा ओलीसँग भीम रावलले प्रतिस्पर्धा गरेका थिए। तर एघारौं महाधिवेशनसम्म नपुग्दै रावल र उनलाई साथ दिने नेताहरु एमालेबाट अलग हुने स्थिति बन्यो। रावल र घनश्याम भूसालले एमाले छोडे ।

पार्टीभित्रै रहेका अमृत बोहोरा, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, गोकर्ण बिष्ट, योगेश भट्टराई हरुलाई कार्यकर्तापंक्तिबाट कमजोर बनाउने नीति अपनाइयो । बलियो टक्कर दिने प्रचार भएपछि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नै नवीकरण नहुने एकलौटी निर्णय ओलीले सुनाए ।

पार्टीभित्र ठूलो असहमतिका बीच ७० वर्षे उमेर हद र दुई कार्यकालको व्यवस्था विधानबाट हटाइयो । कमिटीको आकार जम्बो बनाइयो । यी सबै प्रयत्नको परिणाम पार्टी महाधिवेशनमा ओलीले कसैले बलियो टक्कर दिने स्थिति छैन । जबकि कुनैबेला लोकतान्त्रिक अभ्यास गर्ने पार्टीहरुमा एमाले अग्रपंक्तिमा थियो । लोकतान्त्रिक अभ्यासबाटै ओली नेतृत्वमा पुगेका थिए ।

चार दशकदेखि प्रचण्ड

नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी लगायत दुई दर्जन बढी पार्टीहरुसँग एकता गरेर बनेको नेपाली कम्युनिस्ट पार्टीले त महाधिवेशन गर्ने सकेको छैन । यो पार्टी भद्रगोल स्थितिमा छ। पुष्पकमल दाहाल र माधवकुमार नेपालको सल्लाहमा राजनीतिक निर्णयहरु गर्दै आएको नेकपाले पार्टी एकताको एक वर्षसम्म केन्द्रीय सदस्यहरुको नामावली समेत टुंग्याउन सकेको छैन ।

२५ सय नबढ्नेगरी केन्द्रीय कमिटी बनाउने निर्णय गरेको नेकपाले आगामी मंसिरमा राष्ट्रिय महाधिवेशन गरेर पार्टी संरचनालाई व्यवस्थित गर्ने निर्णय गरेको थियो। तर केही २३ असोजमा बसेको केन्द्रीय संयोजन समितिको बैठकले महाधिवेशन सार्ने निर्णय गऱ्यो ।

'बाढी, पहिरो र चाडपर्वहरुका कारणले मंसिरमा महाधिवेशन गराउन सकिदैन भन्ने निष्कर्ष निकाल्यौं,' प्रवक्ता प्रकाश ज्वाला भन्छन्, 'स्थानीय चुनावपछि महाधिवेशन गर्नेगरी नयाँ योजना ल्याएका छौं ।'

उनका अनुसार आगामी ११ पुसमा वडा र १५ माघमा पालिका अधिवेशन गर्नेगरी नेकपाले जागरण अभियान चलाउँदैछ । 'दशैं, तिहार र छठलाई उपयोग गर्दै दुई महिने जागरण अभियानमा निस्कदैछौं', उनी भन्छन् । एक वर्षसम्म बस्न नसकेको केन्द्रीय समितिको बैठक मंसिर अन्तिम साता राख्ने नेकपाले निर्णय गरेको छ ।

तर महाधिवेशन जहिल्यै गरे पनि नेकपामा प्रतिनिधिहरुको प्रतिस्पर्धाका आधारमा नेतृत्व चयन हुने कुनै आधार तयार भएको देखिदैन । झन्डै चार दशकदेखि नेतृत्वमा रहेका दाहालको राजनीतिक पृष्ठभूमि हेर्दा पनि नेकपामा लोकतान्त्रिक प्रणालीबाट नेतृत्व निर्माण कल्पना गर्न सकिदैन। आफूलाई चुनौती दिने कोही पनि नेतालाई दाहालले पार्टीभित्र रहन दिने बातावरण बनाएका छैनन् । जनार्दन शर्माको बहिर्गमन यो प्रवृत्तिको पछिल्लो उदाहरण हो । दाहाललाई चुनौती दिने नेताहरुले पार्टी छोडेको सूची लामै तयार हुन्छ ।

अरु साना र नयाँ दलहरुको आन्तरिक लोकतन्त्र पनि बलियो देखिदैन । मधेश केन्द्रीत दलहरु जेनजी आन्दोलनपछि जसपा नेपालमा एकताबद्ध बनेको छ । महन्थ ठाकुर र उपेन्द्र यादवले पदीय भागबण्डा मिलाएका छन् । उनीहरु मिलेसम्म अर्को माध्यमबाट नेतृत्व चयन सम्भव देखिँदैन । त्यसैपनि आन्दोलनबाट आएका यी पार्टीहरुको आन्तरिक लोकतन्त्र असाध्यै कमजोर छ ।

२१ फागुनको निर्वाचनबाट राष्ट्रिय दल बनेको श्रम संस्कृति पार्टीले अध्यक्ष हर्क साम्पाङको नामबाटै सिद्धान्त बनाएको छ । 'हर्कवाद' मान्ने यो पार्टीमा हर्क साम्पाङको तस्वीर भएको टीसर्ट नलगाए बैठकमै बस्न पाइदैन । यस्तो पार्टीमा महाधिवेशन भएपनि प्रतिस्पर्धाबारे सजिलै पूर्वानुमान गर्न सकिन्छ ।

पूर्वपञ्चहरुको पार्टी राप्रपामा पाँच वर्षअघि चुनावी प्रतिस्पर्धाबाटै राजेन्द्र लिङदेन अध्यक्ष निर्वाचित भएका थिए । तर चुनाव हारेलगत्तै कमल थापाले पार्टी त्याग्दा लिङदेनको एक्लौटी कायम हुन पुग्यो । राप्रपामा पार्टी परित्याग गर्न तयार हुने, तर आन्तरिक प्रतिस्पर्धाबाट नेतृत्वमा पुग्न आत्मविश्वास नेताहरुमा देखिदैन। अर्थात अलग-अलग कारण भएपनि दलहरुभित्र सार्वभौम सदस्यको मत निर्णायक हुने स्थिति छैन । महाधिवेशनमा हुने निर्णय प्रक्रियामा सीमित छन् । अनलाइनखबरबाट

शिक्षक आवश्यकता

विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०६/२७

बन्दीपुर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा तनहुँको च.नं. ६४० मिति २०८३/०६/२६ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीको एक जना **विज्ञान** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (अस्थायी करार)
२) **विषय** : विज्ञान **३) आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा +१२ वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : नेपाल सरकारले तोके बमोजिम
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि (अन्तर्वार्तामा सहभागि हुँदा कागजातहरूको सक्कल प्रति पेश गर्नुपर्नेछ ।)
९) **परीक्षाको किसिम** : शिक्षक सेवा आयोगको प्रक्रिया अनुसार
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०७/१० गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०७/११ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

नोट : विद्यालय बन्द रहेको खण्डमा arunsecondary76@gmail.com मा आवश्यक कागजात सहित इमेल पठाएर पनि आवेदन दिन सकिनेछ ।

प्रधानाध्यापक
श्री अरूण माध्यमिक विद्यालय
बन्दीपुर गाउँपालिका-६, हुस्लाङ, तनहुँ
सम्पर्क : ९८४६२०५२४५, ९८४४९३३९१६

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कार्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

कार्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कार्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोन: ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

बाढीले उत्तरी गोरखाको सडक सम्पर्क टुट्यो, पाँच हजार घरधुरी अन्धकारमा

भञ्ज्याङ समाचारदाता/गोरखा

बूढीगण्डकी नदीमा आएको भीषण बाढीले उत्तरी गोरखाको सडक र विद्युत् सेवा अस्तव्यस्त बनाएको छ । बाढीले बेनीघाट-आरूघाट-लार्के सडकका विभिन्न खण्ड कटान गर्नुका साथै दर्जनभन्दा बढी स्थानमा पहिरो खसालेपछि चुमनुब्री र धार्चे गाउँपालिकाका बस्तीको सडक सम्पर्क प्रभावित भएको छ । सडक अवरूद्ध हुँदा यातायात तथा ढुवानी ठप्प हुनुका साथै करिब पाँच हजार घरधुरी विद्युत् सेवाबाट वञ्चित भएका छन् ।

आरूघाट गाउँपालिका-३ स्थित छेपारेभीरनजिक सडक नै कटान भएपछि उत्तरी गोरखा पुग्ने मुख्य मार्ग अवरूद्ध भएको हो । छेपारेखोलाबाट सोतीतर्फ करिब एक सय मिटर अगाडि सडक भासिएको वडाध्यक्ष टेकबहादुर अधिकारीले जानकारी दिए । नदीको बहाव सडकतर्फ सोझिएकाले मर्मत गर्न कठिन भएको र जोखिमका कारण यसअघि भारी उपकरण परिचालन गर्न नसकिएको उनले बताए । सोमबारदेखि ठूलो एक्साभेटर प्रयोग गरी सडक खुलाउने तयारी गरिएको उनको भनाइ छ ।

सोती खण्डमा बाढीले बगाएर ल्याएको लेदो र माटो थुप्रिएपछि सडक खुलाउन समस्या भएको छ। दिनभर जेसीभी परिचालन गरेर लेदो हटाउने प्रयास गरिए पनि सडक कटान भएको स्थान थप भासिन सक्ने जोखिम रहेको गोरखाका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताए ।

सडक योजना कार्यालय गोरखाका प्रमुख विनोद पुनका अनुसार छेपारेभीरनजिक सडक खुलाउने काम सोमबार बिहानदेखि भइरहेको छ। बाढी आएदेखि नै सडक खुलाउन सरकारी निकायका टोली परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी मिश्रले बताए । सडक योजना कार्यालय, पूर्वाधार विकास कार्यालय र सघन सहरी विकास कार्यालयका प्रमुखसहितको टोली आरूघाट क्षेत्रमा खटिएको छ ।

खोर्लाबैंसी-तातोपानी खण्डमा पैदल आवागमन समेत कठिन



धार्चे गाउँपालिकामा सडकको अवस्था थप जटिल बनेको छ। गाउँपालिका अध्यक्ष लक्ष्मण गुरूङका अनुसार खोर्लाबैंसीदेखि घट्टेखोलासम्मका विभिन्न स्थानमा बूढीगण्डकीले सडक कटान गरेको छ। कतिपय ठाउँमा नदी सडकबाटै बगिरहेकाले पैदल हिँड्ने बाटोसमेत नरहेको उनले बताए । धार्चे गाउँपालिका-३ स्थित खोर्लाबैंसी र तातोपानीबीचको सडक पनि नदी कटानमा परेको छ । छेपारेभीरको सडक खुले माछाखोलासम्म सवारीसाधन सञ्चालन गर्न सकिने भए पनि खोर्लाबैंसी-तातोपानी खण्डमा नदीको बहावका कारण आवागमन सहज बनाउन कठिन रहेको अध्यक्ष गुरूङले जानकारी दिए ।

बाढीले सडक मात्र नभई सञ्चार सम्पर्कसमेत प्रभावित बनाएको छ । उत्तरी गोरखाका केही क्षेत्रमा टेलिफोन सम्पर्क विच्छेद हुँदा लुसिराङ क्षेत्रका बासिन्दाको अवस्थाबारे जानकारी लिन कठिन भएको छ । त्यहाँ रहेका पाँच घरपरिवारको अवस्था बुझ्न तीन जना युवालाई जोखिमपूर्ण भीरको बाटो हुँदै पठाइएको अध्यक्ष गुरूङले बताए।

लघुजलविद्युत् आयोजना बगाउँदा पाँच हजार घरधुरी प्रभावित

बूढीगण्डकीको बाढीले उत्तरी गोरखाका बस्तीमा विद्युत् सेवा पनि अवरूद्ध बनाएको छ। बाढीले लघुजलविद्युत् आयोजनामा क्षति पुऱ्याएपछि चुमनुब्री गाउँपालिकाका वडा नम्बर ३ र ६ का विभिन्न बस्तीका करिब पाँच हजार घरधुरी विद्युत्विहीन भएका छन् ।

सिर्दिवास उहिया लघुजलविद्युत् आयोजनाका अध्यक्ष सुजन गुरूङका अनुसार लोक्पा, दुङ्ला, न्याक, फिलिम, चिसापानी, आँगा, नाम्चेत, घट्टेखोला, जगत, सल्लेरी, पाङसिङ र सिर्दिवास लगायतका बस्तीमा विद्युत् सेवा अवरूद्ध भएको छ । आयोजनामा बाढीले क्षति पुऱ्याएपछि ती क्षेत्रका बासिन्दा विद्युत् सुविधाबाट वञ्चित भएका हुन् ।

सडक, विद्युत् र सञ्चार सेवा एकैपटक प्रभावित हुँदा उत्तरी गोरखाका बस्तीमा दैनिक जनजीवनसँगै अत्यावश्यक सामग्रीको ढुवानी र सेवा प्रवाहमा समेत चुनौती थपिएको छ । जोखिमयुक्त सडक खण्डमा सुरक्षित रूपमा आवागमन खुलाउने, प्रभावित बस्तीको अवस्थाबारे यकिन जानकारी लिने र अवरूद्ध विद्युत् सेवा पुनः सञ्चालन गर्ने कामलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक देखिएको छ ।

सडक अवरूद्ध हुँदा मुस्ताङको ७० प्रतिशत स्याउ बगैंचामै

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

असोज दोस्रो साताको बाढीपहिरोले बेनी-जोमसोम सडक दुई सातासम्म अवरूद्ध हुँदा मुस्ताङमा उत्पादित स्याउको निकासी प्रभावित भएको छ । यस वर्ष उत्पादन बढेर १० हजार मेट्रिक टन पुग्ने अनुमान गरिए पनि हालसम्म करिब ३० प्रतिशत स्याउ मात्रै जिल्ला बाहिर पठाउन सकिएको छ । बिक्रीको मुख्य याम घर्किन लाग्दा किसान र व्यापारीलाई स्याउ व्यवस्थापन तथा बजारीकरणमा समस्या भएको छ।

असोज ११ गतेको भारी वर्षासँगै आएको बाढीपहिरो र नदी कटानले सडक अवरूद्ध भएपछि स्याउ ढुवानी रोकिएको थियो । सडक सञ्चालनमा आएपछि निकासी पुनः सुरू भए पनि मार्ग पूर्ण रूपमा सहज भइसकेको छैन । स्याउको मुख्य बजारमा पठाउने समय प्रभावित हुँदा किसानले उत्पादन भण्डारण र बिक्रीको चुनौती सामना गर्नुपरेको छ ।

कृषि तथा पशु विकास शाखा मुस्ताङका प्रमुख डा. लालमणि अर्यालका अनुसार सामान्य अवस्थामा यस समयसम्म करिब ७० प्रतिशत स्याउ बजारमा पुगिसक्नुपर्ने हो । तर, सडक अवरोधका कारण ३० प्रतिशत मात्रै जिल्ला बाहिर निकासी भएको छ। मुस्ताङमै करिब १० प्रतिशत स्याउ खपत हुने गरेको उनले बताए ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मुस्ताङका प्रमुख भरत गौतमका अनुसार यस वर्ष जिल्लामा १० हजार मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान छ। गत वर्ष सात हजार मेट्रिक टन उत्पादन भएको थियो । उत्पादनमा भएको वृद्धिका आधारमा यस वर्ष स्याउ बिक्रीबाट करिब दुई अर्ब रूपैयाँ आम्दानी हुने अनुमान गरिएको उनले बताए ।

सडक खुलेपछि पाँचवटै स्थानीय तहमा उत्पादित स्याउ बजार पठाउन थालिएको छ । घरपभ्होङ-५ ढुम्बास्थित चिम्ले अचार्ड कृषि फार्मका व्यवस्थापक आइतराम तामाङका अनुसार सडक सञ्चालनमा आएको दुई दिनमा छ ट्रक स्याउ काठमाडौं पठाइएको छ । तर, उत्पादनको तुलनामा निकासी निकै कम भएकाले बाँकी स्याउ समयमै बजार पुऱ्याउनु चुनौतीपूर्ण बनेको छ ।

मुस्ताङमा उत्पादित स्याउको माग हरितालिका तीजदेखि बडादसैंसम्म बढी हुने गर्छ । यही समयमा सडक अवरूद्ध भएपछि किसानले बिक्रीको महत्त्वपूर्ण अवसर गुमाउने जोखिम बढेको छ । सडक सञ्चालनमा आए पनि ढुवानी सहज नहुँदा स्याउ बजारसम्म पुऱ्याउन थप कठिनाइ भइरहेको छ ।

जिल्लास्तरीय निर्णयअनुसार छिटो पाक्ने स्याउ भदौ १५ गतेदेखि र ढिलो पाक्ने स्याउ भदौ २२ गतेदेखि बगैंचाबाट टिप्न पाउने व्यवस्था गरिएको थियो । टिप्ने समय सुरू भइसकेको र बिक्रीको याम छोटिँदै गएको अवस्थामा ढुवानीमा भएको ढिलाइले pTkfbgsf] plrt dNo kfpg] lj ifodf ; dl lr Gof a9fPsf]5. o; jif{ pTkfbg a9\g' d'tfasf] :ofp v]tLsf nflu ; sf/fTds eP klg ; 8s cj/fwn]To; sfnfe ls ; fg; Dd klQ sl7g agfPsf]5 . afFsL :ofpnfO{; dod}ah/ k¥ofpg ; 8snfO{ ; /llft / lgoldt ; ~r fngdf Nofpg', 9jfgL Jbj :yfkg ldnfpg't yf k|efljt ls ; fg / Jofkf/LnfO{cfjZos ; xhls/0f ug{clxn]sf]kdV cfjZostf agfpsf]5 .

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

facebook twitter



Varat Dahal
facebook.com/profile.php?id=61580650314540

तालिम जस्तो सरल हुँदैन भू-राजनीति !
तालिमले उफार्छ, भू-राजनीतिले थचार्छ !
प्रहरी, सेना र राज्यका हरेक निकायहरूलाई संस्थागत रूपमै पंगु (प्यारालाईज) बनाएर नेपालभरी अमेरिका र दलालई लामाका स्वदेशी/विदेशी प्रोक्सीहरू मैदानमा उतार्ने आपराधिक खेलमा प्रशिक्षण लिएकाहरूको भागाभाग सुरू हुन थालेको छ। प्रशिक्षहरूको शक्तिप्रतिको अतिसयोक्तिपूर्ण विश्वास र खाएको रकमको उन्मादले अन्धो बनाएकाहरू यति उद्दण्ड हुन थाले कि उनीहरूले आफ्ना कर्तुतहरू बाहिर निस्कन सक्ने हेक्का समेत राखेनन्। भ्रष्टाचारको नियन्त्रणमा समग्रमा कदम नचालेर मालिकले चाहेका व्यक्तिहरूलाई मात्र छानेर निशाना बनाउने यिनीहरूको योजनाले यिनीहरूकै घाँटी कसिँदै गएको छ । NED ले घसिदिएको लालीपाउडर पखालिँदैछ !
न छेउ, न टुप्पो ! न गर्न सक्ने चरित्र हुनु, न गर्न पाउने अधिकार हुनु! न पृष्ठभूमी गतिलो हुनु, न शैली मानिसको जस्तो हुनु ! बाँसोको छाला ओढाईएको स्यालको राज्य कति दिन चल्छ ? मानिसको ध्यान आकाशमा उडिरहेको चीलतिर देखाएर चल्ला चोर्ने धन्धा कतिसम्म टिक्छ? उत्तानो परेर आकाशतिर खुट्टा फर्काउने हुटिट्याउँको आकाश थाम्ने भ्रम कति कति यथार्थ हुन्छ? बाहिर उठिरहेका प्रश्नहरूको जबाफ माग्दा मुन्टो फर्काएर भाग्ने र मोबाईल फोन बन्द गरेर उम्किने सुतुरमुर्गे तालिमले कति दिन बचाउ गर्छ? भू-राजनीति यति सजिलो छैन, जति सरल यिनीहरूले पाएको तालिम थियो! तालिमले उफार्छ, भू-राजनीतिले थचार्छ !

ऋषिङमा म्याद गुज्रिएका खाद्यवस्तु नष्ट

भञ्ज्याङ समाचारदाता/ऋषिङ

तनहुँको ऋषिङ गाउँपालिकाले बजार अनुगमनका क्रममा जफत गरेका म्याद गुज्रिएका खाद्य तथा उपभोग्य वस्तु मंगलबार जलाएर नष्ट गरेको छ ।



गाउँपालिकाले वडा नं. ७ र ८ का विभिन्न पसलमा गरेको अनुगमनका क्रममा जफत गरिएका आँटा, मैदा, पेप्सी, कोक, स्प्राइट, क्याम्पा लेमन, टिकटक चिजबल, सोयाबिन, कुरकुरे, दालमोठ र जुहानोलगायतका वस्तु जनप्रतिनिधि, कर्मचारी, स्थानीय नागरिक तथा प्रहरी प्रतिनिधिको रोहबरमा नष्ट गरेको हो ।

म्याद गुज्रिएका वस्तुको पुनः बिक्री-वितरण तथा उपभोग रोक्न र उपभोक्ताको स्वास्थ्य संरक्षण गर्न ती सामग्री नष्ट गरिएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले व्यवसायीलाई मूल्यसूची राख्न, व्यवसाय दर्ता तथा नवीकरण गर्न, सरसफाइ कायम गर्न र म्याद गुज्रिएका वस्तु बिक्री नगर्न आग्रह गर्दै बजार अनुगमनलाई निरन्तरता दिने तथा नियम उल्लङ्घन गर्नेमाथि कानुनबमोजिम कारबाही गर्ने जनाएको छ ।

याम्पाफाँटका १५ दुग्ध .....

टकराज लामिछाने तेह्रौं, इन्दिरा घिमिरे चौधौं र ओमप्रकाश गुरूङ पन्ध्रौं स्थानमा रहनुभएको छ । पन्ध्रौं स्थानमा रहेका गुरूङले १८ हजार १८४ लिटर दूध बिक्री गर्नुभएको सहकारीले जनाएको छ।

पुरस्कृत किसानलाई तीन हजारदेखि ११ हजार रूपैयाँसम्म नगद पुरस्कार प्रदान गरिएको अध्यक्ष भट्टराईले जानकारी दिए। दूध बिक्रीको परिमाणका आधारमा किसानलाई सम्मान गर्दा व्यावसायिक पशुपालनप्रति थप प्रोत्साहन मिल्ने सहकारीको अपेक्षा छ ।

याम्पाफाँट दुग्ध उत्पादनको महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ । यहाँका किसानले पशुपालनलाई आम्दानीको प्रमुख आधार बनाउँदै आएका छन् । सहकारीमार्फत दूध संकलन तथा बिक्री हुँदै आएकाले किसानलाई उत्पादित दूध बजारसम्म पुऱ्याउन सहज भएको छ ।

सहकारीले गत आर्थिक वर्षमा १४ लाख लिटरभन्दा बढी दूध बिक्री गरी १७ करोड रूपैयाँभन्दा बढीको कारोबार गरेको जनाएको छ । दुग्ध उत्पादन र बजारीकरणमा सहकारीको सक्रियताले स्थानीय किसानको आयआर्जनसँगै क्षेत्रीय अर्थतन्त्रमा समेत योगदान पुऱ्याएको छ ।

याम्पाफाँटका किसानले व्यावसायिक पशुपालनलाई निरन्तरता दिँदै उत्पादन बढाउन सके स्थानीयस्तरमै रोजगारी र आम्दानीका अवसर विस्तार हुन सक्छन् । यसका लागि दूधको नियमित बजारीकरणसँगै पशु स्वास्थ्य सेवा, उन्नत नश्ल, दाना व्यवस्थापन र उत्पादन लागत घटाउने उपायमा ध्यान दिन आवश्यक देखिन्छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४